प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

मतदान गर्ने अधिकारको प्रयोग गरौं।

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
- मतदानको समयमा विवेकको प्रयोग गरौं।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
- सुशासन कायम गरौ र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१७ ।। अङ्क : ३२३ ॥ २०८२ माघ १२ गते सोमबार (26th Jan 2026 Monday)    Pratidin National Daily    मूल्य–रु.५/–

## एसियन हाइवेको काम रोकियो

# सुरक्षाको प्रत्याभूति नभएसम्म सुचारु नगर्ने अडान

झापा, माघ ११ । सुरक्षाको प्रत्याभूति नभएसम्म निर्माण कम्पनीले पूर्व-पश्चिम एसियन हाइवे विस्तारको काम सुचारु नगर्ने भएको छ । प्रहरी प्रशासनले सुरक्षाको प्रत्याभूति दिलाउनु पर्ने र नियन्त्रणमा लिइएका आफ्ना सवारी साधन छोड्नु पर्ने अडानमा निर्माण कम्पनी रहेको छ ।

निर्माण कम्पनीले कारणसहित काम रोकेको जानकारी गराएपछि आफूहरुले शान्ति सुरक्षाको व्यवस्था मिलाई निर्माण कार्य सुचारु गराउने वातावरणका लागि समन्वय गरिदिन जिल्ला प्रशासन कार्यालयलाई लिखित आग्रह गरेको काँकडभिट्टा-लौकही सडक योजना कार्यालय (पूर्वीखण्ड)का प्रमुख सुनिलबाबु पन्तले बताए । उनले निर्माण कम्पनीलाई सुरक्षाको सवालमा आश्वस्त पार्ने प्रयास भइरहेको जानकारी दिए । तर, निर्माण कम्पनीले अबदेखि अनावश्यक दुःख नदिने , डर त्रास नदेखाउने वातावरण नबनेसम्म र नियन्त्रणमा लिइएका ७ वटा टिपर नछोडेसम्म निर्माण कार्य सुचारु नगर्ने बताएको पन्तले जानकारी दिए । माघ १० गते ४ वटा , माघ ९ गते एउटा र पुष २३ गते दुईवटा टिपर स्थानीयले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए । शनिवार बिहान १;३०बजे कनकाई वडा न.१ मा प्र.१-०२-०१क.३७४८न.को टिपर र चालक बाह्रदशी वडा न.१बस्ने सुमन माझी , प्र.१-०२-००१क.४३२६न.को टिपर र चालक बेलबारी वडा न.२ लालभित्ती बस्ने सरोज तोलाङ्गे , प्र.१-०२-००१क.४३२५न.को टिपर र चालक बिराटनगर वडा न.१२बस्ने सनम श्रेष्ठ तथा ना५ख६४९०न.को टिपर र चालक झापा गाउँपालिका वडा न.२ बस्ने गोमत दासलाई नियन्त्रणमा लिइएको थियो । नियन्त्रणमा लिइएका ७ वटा टिपरमध्ये पाँचवटा अर्जुनधारा नगरपालिका कार्यालय र दुईवटा सव डिभिजन कार्यालय सुरुङ्गामा राखिएको छ । शान्ति सुरक्षा गर्ने जिम्मेवारी प्रहरीको भएकाले त्यसको व्यवस्था मिलाउन इलाका प्रहरी



कार्यालय बिर्तामोडलाई भनिसकेको सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईले बताए। सुरक्षा व्यवस्था मिलाइदिन निवेदनको बोदार्थ आएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठले बताए । उनले कोही कसैमाथि उजुरी नपरेको जानकारी दिए ।

झापामा सुरेश आलेमगर, राज आङ्देम्बेलगायतले अनावश्यक दुःख दिने र हातपात गरेको भन्दै सुरक्षाको कारण देखाएर निर्माण कम्पनीले काम रोकेको जनाएको हो । सुरक्षाका कारण काम गर्न नसकिएको भन्दै निर्माण कम्पनी एभरसकोन-कालिका जेभीले धम्क्याउने व्यक्तिको नामसहित काँकडभिट्टा-लौकही सडक योजना कार्यालयलाई लिखित रूपमा पत्राचार गरेको थियो। उनीहरूले निर्माण सामग्री बोकेका गाडी रोक्नदेखि मजदुरसम्मलाई हातपात गरेको उजुरीमा उल्लेख छ।

पूर्व-पश्चिम राजमार्ग विस्तार गर्ने काँकडभिट्टा-लौकहीसडकअन्तर्गत काँकडभिट्टादेखि केर्खासम्मको पूर्वखण्डको काम अवरुद्ध भएको हो । मजदुर र चालकमाथि हातपात र धम्की हुन थालेपछि पूर्वखण्डको ४५ किलोमिटर सडक निर्माणको काम आइतबारदेखि रोकिएको छ। यो राजमार्गलाई एसियन हाइवेमा विस्तार गर्ने योजनाअन्तर्गत ठेक्का लगाएर काम भइरहेको छ ।

तर, करिब २० दिनदेखि झापाको कन्काई नगरपालिका क्षेत्रमा केही व्यक्तिका कारण काम रोकिएको निर्माणको जिम्मा पाएको एभरसकोन-कालिका जेभीका प्रतिनिधि उज्ज्वल प्रसाईंले जानकारी दिए । बिर्तामोडका सुरेश आलेमगर, राज आङ्देम्बेलगायतले निर्माणको काममा प्रयोग भएका सवारीचालकलाई हातपात गर्ने, धम्की दिनेलगायतका गतिविधि हुन थालेपछि काम रोकिएको उनको भनाइ छ। सुरेश नेपाली कम्युनिस्ट पार्टीनिकट अखिल नेपाल खेलकुद महासंघका झापा अध्यक्ष हुन् भने आङ्देम्बे एमालेनिकट युवा संघका केन्द्रीय सदस्य तथा झापा इन्चार्ज हुन् । त्यस्तै, एक उप्रेती थरका व्यक्तिले पनि धम्की दिएको निर्माण कम्पनीको उजुरीमा उल्लेख छ।

उनीहरूसहित केही व्यक्तिले मजदुरमाथि दुर्व्यवहार गर्दा मजदुरले काम गर्न नमानेको एभरसकोन-कालिका जेभीका प्रतिनिधि प्रसाईंले जानकारी दिए ।

विगतदेखि नै बारम्बार दुःख दिइरहेको र यसपटक भने काम रोक्न बाध्य भएको उनले बताए । काँकडभिट्टादेखि केर्खासम्मको ४५ किलोमिटर सडक निर्माणको ठेक्का १० अर्ब ६ करोडमा एभरसकोन-कालिका जेभीले ठेक्का लिएको हो ।

## चुनावको मुखमा बिर्तामोड बसपार्कबासी आन्दोलित


# दलका उम्मेदवारलाई बसपार्कमा छिर्न नदिने

झापा, माघ ११ । राजनीतिक दलका नेताहरुले समस्याको समाधान नगरी लगातार ठग्दै आएपछि निर्वाचनको मुखमा बिर्तामोड बसपार्कबासीहरु आन्दोलित भएका छन् ।

बिगत दुई वर्षदेखि रोक्का रहेको आफूहरुको ५१ विघा जग्गा फुकुवा गर्न कसैले पनि सहयोग नगरेको भन्दै उनीहरुले राजनीतिक दलका उम्मेदवारहरुलाई बसपार्कमा प्रवेश निषेध गर्न लागेका छन् । 'हामीले सबै दलका नेताहरुलाई गुहार लगायौं तर , आश्वासनबाहेक केही पनि पाएनौं' ५१ विघा बसपार्क समन्वय समितिका सहसचिव शिवराज पौडेलले भने,' त्यही भएर कुनै पनि उम्मेदवारलाई बसपार्कमा छिर्न दिदैनौं । ' आफ्नो आन्दोलनका बारेमा उनीहरुले आइतवार माइकिङ गरेका थिए ।

एमालेका तर्फबाट झापा २ का उम्मेदवार तथा निवर्तमान सभामुख देवराज घिमिरेले केही महिनाअघि बसपार्कको समस्या हल गर्ने बताएका थिए । एक-दुई दिनमै समाधान गरिहाल्ने उनको कुरा आश्वासनमै सीमित रह्यो । आफूहरुले आफ्नो क्षेत्रका सांसदसमेत रहेका निवर्तमान सभामुख देवराज घिमिरेदेखि लिएर हालका प्रधानमन्त्री सुशीला कार्की , गृहमन्त्री ओमप्रकाश अर्यालसम्मलाई समस्याका बारेमा ध्यानाकर्षण गराउँदा समेत कसैले पनि साथ नदिँदा आन्दोलित हुनु परेको पौडेलले बताए । सोमवार बिहान ११ बजे बसपार्कबासीहरुको भेला बोलाएर आन्दोलन घोषणा गर्न लागेको बसपार्क समन्वय समितिका संयोजक सुजनराज शिवाकोटीले बताए । आफूहरुले बसपार्कको विषयमा नेपाल सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री प्रा.डा. कुमार इङनामलाई खुल्ला पत्र बुझाएको शिवाकोटीले जानकारी दिए ।

२०८० सालको सर्वोच्च अदालतको संवैधानिक इजलासको फैसलापछि बसपार्कको ११५३ वटा कित्ता भूमिसुधार तथा मालपोत कार्यालय झापामा रोक्का गरिएको छ ।



बिर्तामोड बसपार्क क्षेत्रको ५१ बिघा जग्गामा पछिल्लो १५ वर्षदेखि घना बस्ती विकास भएको छ। करिब ६ सय पक्की घर, ११५३ घडेरी, बसपार्क, शैक्षिक संस्था, व्यापारिक संरचना तथा अन्तर्राष्ट्रिय सहयोगमा बनेका पूर्वाधारहरू त्यही क्षेत्रमा अवस्थित छन्।

नागरिकहरूले यही जग्गा धितो राखी बैंकबाट ऋण लिएका छन्, व्यवसाय सञ्चालन गरेका छन् र राज्यलाई कर तिरेका छन्। आफ्नो जग्गा रोक्का हुँदा करिव १० हजार नागरिक प्रभावित भएका छन् । बसपार्कबासीहरुको खुल्लापत्र यस्तो छ ।

बिर्तामोड बसपार्क क्षेत्रका ५१ बिघा जग्गामा सर्वोच्च अदालतको फैसला हुँदाहुँदै राज्य संयन्त्रद्वारा गरिएको अन्यायबारे गम्भीर ध्यानाकर्षण

बिर्तामोड बसपार्क क्षेत्रभित्र पर्ने ५१ बिघा जग्गासम्बन्धी विषयमा विगत तीन दशकदेखि घटेका घटनाक्रम, मन्त्रिपरिषद्का निर्णय, सर्वोच्च अदालतका स्पष्ट फैसलाहरू र ती सबैको मर्मविपरीत हाल देखिएको प्रशासनिक व्यवहारले करिब १० हजार नागरिकलाई गम्भीर कानुनी अनिश्चितता, मानसिक तनाव र आर्थिक क्षतिमा धकेलेको छ। यो अवस्था अब सह्य सीमाभन्दा बाहिर पुगेको हुँदा हामी बाध्य भएर यो विज्ञप्तिमार्फत सम्पूर्ण राजनैतिक दल, राज्य संयन्त्र र सरोकारवाला निकायको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं।

वि.सं. २०५२ सालमा सुदर्शन गिरीले बिर्तामोडस्थित चिया बगान गेग्रान परी नष्ट भएकाले चिया बगान सार्न अनुमति माग्दा तत्कालीन नेकपा (एमाले) नेतृत्वको मन्त्रिपरिषद्ले २०५२ जेठ ८ गते बाहुनडाँगी-नक्कलबन्दा क्षेत्रमा चिया बगान सार्ने स्वीकृति दिएको तथ्य सरकारी अभिलेखमै सुरक्षित छ। सोही निर्णयअनुसार नाज टि-स्टेट प्रा.लि. मार्फत वैधानिक प्रक्रिया पूरा गरी नयाँ स्थानमा चिया बगान सारियो। त्यसपछि वि.सं. २०६० सालमा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापा र भूमिसुधार मन्त्री सर्वेन्द्रनाथ शुक्ल रहेको मन्त्रिपरिषद्ले पुरानो चिया बगान रहेको ५१ बिघा जग्गा बेच्न स्वीकृति दिएको निर्णय पनि निर्विवाद छ।

यस विषयमा उत्पन्न विवाद सर्वोच्च अदालतसम्म पुग्यो। वि.सं. २०६५ कात्तिक ७ गते सर्वोच्च अदालतको पूर्ण इजलासले सुदर्शन गिरीविरुद्ध परेको रिट खारेज गऱ्यो। यस फैसलाले उक्त ५१ बिघा जग्गा जफत गर्नू भन्ने कतै पनि भनेको छैन, केवल हदबन्दी गणना प्रयोजनका लागि समावेश गर्नू भनिएको हो। यही कानुनी सत्यलाई वि.सं. २०८० साल माघ महिनामा आएको सर्वोच्च अदालतको संवैधानिक इजलासको फैसलाले झन् स्पष्ट रूपमा पुनः पुष्टि गरेको छ। संवैधानिक इजलासले "तेस्रो पक्षको नाममा हस्तान्तरण भइसकेको उक्त जग्गा जफततर्फ अहिले बोलिरहन परेन" भनी स्पष्ट उल्लेख गरेको छ।

यी सबै न्यायिक निर्णयहरूको परिणामस्वरूप बिर्तामोड बसपार्क क्षेत्रको ५१ बिघा जग्गामा पछिल्लो १५ वर्षदेखि घना बस्ती विकास भएको छ। करिब ६ सय पक्की घर, ११५३ घडेरी, बसपार्क, शैक्षिक संस्था, व्यापारिक संरचना तथा अन्तर्राष्ट्रिय सहयोगमा बनेका पूर्वाधारहरू त्यही क्षेत्रमा अवस्थित छन्। नागरिकहरूले यही जग्गा धितो राखी बैंकबाट ऋण लिएका छन्, व्यवसाय सञ्चालन गरेका छन् र राज्यलाई कर तिरेका छन्।

तर, सर्वोच्च अदालतका स्पष्ट फैसलाहरू हुँदाहुँदै पनि पछिल्ला करिब दुई वर्षदेखि मालपोत कार्यालय झापा तथा सम्बन्धित निकायहरूको लापरबाही, निर्णयबाट पन्छिने प्रवृत्ति, अनौपचारिक सेटिङ र राजनीतिक हस्तक्षेपका कारण नामसारी, किनबेच, धितो, विकास निर्माणलगायत सम्पूर्ण वैधानिक कामहरू ठप्प पारिएका छन्। यसरी बिभिन्न राजनैतिक झेलझाल, मालपोत कार्यालयको अकर्मण्यता, सरकारको ढिलासुस्ती र बिचौलियाहरूको बार्गेनिङका कारण हाम्रो जीवनभर रगत-पसिना बगाएर आर्जेको सम्पत्तिमाथि प्रहार गर्न खोजिएको छ।

विदेशी भूमिमा ५० डिग्रीको तापक्रममा वर्षौं

❖ बाँकी तेस्रो पृष्ठमा

## झापामा लडेर दुईजना घाइते

झापा, माघ ११ । झापामा लडेर दुईजना घाइते भएका छन् । शनिवार दिउँसो ४ बजे बुद्धशान्ति गाउँपालिका -२ जयपुर बस्ने ३० वर्षीय बिक्रम साहको धान नापतौल गरी गोदाममा राख्ने क्रममा उनकै कामदार २७ वर्षीय सन्जिप टुडु घाइते भएका हुन् । धानको बोरा मिलाउँदा धानको बोराको थुप्रो माथिबाट खुट्टा चिप्लिएर उनी लडेका थिए । घाइते टुडुको ओमसाई पाथिभरा अस्पताल भद्रपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ । त्यस्तै बिर्तामोड वडा न.४ भद्रपुर रोडस्थित तृष्णा डान्सवारमा काम गर्ने कामदार दमक वडा न.५बस्ने २१ वर्षीया लुना श्रेष्ठ घाइते भएकी छन् । माघ ४ गते बिहान ४ बजे श्रेष्ठले अत्यधिक मादक पदार्थ सेवन गरी सोही डान्सवारनजिकै रहेको उनी बसेको ५तले पक्की घरको छतबाट अचानक चिप्लिएर लडेकी थिइन् । उनको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।



## डिन झापाको अध्यक्षमा दमकका राई निर्वाचित

झापा, माघ ११। डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपाल( डिन) झापाको अध्यक्षमा ओमप्रकाश राई निर्वाचित भएका छन् ।

शनिवार कन्काई ३ स्थित साकेला थानमा भएको १७ औं जिल्ला अधिवेशनबाट दमक नगरपालिकामा कार्यरत राईको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको हो । समितिको उपाध्यक्षमा हिरण्यकुमार राई , सचिव विशाल राजवंशी , सहसचिव विष्णुबहादुर आङदेम्बे र कोषाध्यक्षमा डम्बरबहादुर श्रेष्ठ चुनिएका छन् । त्यस्तै सदस्यहरुमा डम्बरकुमारी अधिकारी थापा , प्रियंका बुढाथोकी , प्रज्वल प्रसाई , लोचन बस्नेत र प्रेमचन्द्र बास्तोला रहेका छन् । नयाँ समिति चयन गर्न जीवन घिमिरे संयोजक तथा खड्गबहादुर बस्नेत र कमल दाहाल सदस्य रहेको निर्वाचन समिति गठन गरिएको थियो । डिन झापाका अध्यक्ष सडकलाल राजवंशीको अध्यक्षता तथा केन्द्रीय अध्यक्ष कामेश्वर सिंहको प्रमुख आतिथ्यमा भएको उद्घाटन कार्यक्रममा केन्द्रीय सहअध्यक्ष जीवन घिमिरे , प्रदेश अध्यक्ष खड्गबहादुर बस्नेत , पूर्व केन्द्रीय सचिव तथा संस्थापक जिल्ला अध्यक्ष उत्तम खरेल , इन्जिनियर कमल कोइरालालगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा जिल्ला अध्यक्ष राजवंशीले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष ओमप्रकाश राईले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । उपाध्यक्ष हिरण्यकुमार राईले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन आजीवन सदस्य सुरविर राना मगरले गरेका थिए ।

## झापाका पोर्तेल र मेचे राष्ट्रिय सभा सदस्यमा निर्वाचित



झापा, माघ ११ । राष्ट्रिय सभा सदस्य निर्वाचनमा झापाका सोमनाथ पोर्तेल र रोशनी मेचे निर्वाचित भएका छन् । राष्ट्रिय सभा सदस्य निर्वाचनमा कोशी प्रदेशअन्तर्गत दलित र महिला समूहबाट कांग्रेस-एमाले गठबन्धनका उम्मेदवार पोर्तेल र मेचे विजयी भएका हुन् ।

दलित समूहअन्तर्गत पोर्तेल ७ हजार ४२३ मतभारसहित विजयी भए । उनका निकटतम् प्रतिस्पर्धी खेमराज सुन्दासले २ हजार ३७ मतभार प्राप्त गरे ।

त्यस्तै, महिला समूहअन्तर्गत गठबन्धनकै रोशनी मेचे ७ हजार १७३ मतभारसहित निर्वाचित भइन् । उनकी निकटतम् प्रतिद्वन्द्वी नमिता नेउपानेले २ हजार २६८ मतभार ल्याइन् ।

निर्वाचनमा स्थानीय तहका तर्फ २ सय ५८ र प्रदेशसभातर्फ ८७ मत खसेको थियो । स्थानीय तहमा कुल २ सय ६७ मध्ये २५८ ले मतदान गरे । प्रदेशसभामा ९२ मध्ये ८७ मत खस्यो । मतभार प्रणालीअनुसार स्थानीय तहको मतभार १९ र प्रदेशसभाको ५३ तोकिएको थियो । प्रदेशसभातर्फ गठबन्धनका ६४ र नेकपाका २२ मत खसेको थियो । निर्वाचनमा एक मत बदर भएको निर्वाचन कार्यालयले जनाएको छ ।

कोशी प्रदेशबाट 'अन्य समूह'मा कांग्रेसका नेता सुनिलबहादुर थापा निर्विरोध निर्वाचित भएका थिए । यसअघि उनी राष्ट्रपति रामचन्द्र पौडेलका राजनीतिक सल्लाहकार थिए ।

राष्ट्रिय सभा निर्वाचनका लागि पुष २३ गते विराटनगरमा भएको मनोनयन दर्ताको समयमा थापाको एकल उम्मेदवारी परेको थियो । उनी सोही दिन निर्वाचित भए पनि आइतबार मात्रै आयोगले औपचारिक घोषणा गरेको हो ।

# संखुवासभामा जिप दुर्घटनाः दुई जनाको मृत्यु

संखुवासभा , माघ ११ । संखुवासभाको चैनपुर नगरपालिका-१ नुनढाकीमा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । दुर्घटनामा चारजना घाइते भएका छन् ।

चैनपुरबाट बिहीबारेतर्फ जाँदै गरेको प्र १-००१ च ८२४७ नम्बरको जिप आइतवार



साँझ ५.२० बजे चैनपुर-१ नुनढाकीनजिक ३०० मिटर तल झरेर दुर्घटना भएको हो । मृतकमध्ये एकजना संखुवासभा चैनपुर १ मैदाने बस्ने बर्ष अन्दाजी ५९ का पदमबहादुर लिम्बू भएको खुल्न आएको छ । अर्का मृतक अन्दाजी बर्ष ३० का पुरुषको नाम थर वतन खुल्न सकेको छैन । दुवै लासको कानुनी प्रकृया पुरा गरी पोस्टमार्टमको लागि आधारभूत अस्पताल चैनपुर संखुवासभा पठाइएको छ ।

दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक कुमारप्रसाद मैनालीले जानकारी दिए । यात्रु बोकेको सुमो गाडी आफै अनियन्त्रित भई सडकबाट अन्दाजी

दुर्घटनालगत्तै सशस्त्र प्रहरी नं ४ गुल्म चैनपुरका प्रहरी नायव उपरीक्षक बाबुराम पौडेल, इलाका प्रहरी कार्यालय चैनपुरका प्रहरी निरीक्षक पर्शुराम राईसहितको टोली घटनास्थल पुगेको थियो । घाइते सबैको उद्धार गरेर चैनपुर लगिएको प्रहरीले जनाएको छ ।

घाइते हुनेहरुमा

१, संखुवासभा चैनपुर न.पा १ सिङरीङ बस्ने बर्ष ३४ का निमदोर्ची शेर्पा गम्भीर घाइते भएको, (बोल्न नसक्ने )

२, ऐ. ऐ. १ मैदाने बस्ने बर्ष ४५ का भिमबहादुर थक्लुङ गम्भीर रहेको (बोल्न नसक्ने )

३, संखुवासभा चैनपुर न.पा. १ सिङरीङ बस्ने बर्ष अन्दाजी ९ का पेम्बा शेर्पा मध्यम रहेको (बोल्न सक्ने)

४. पाँचथर फिदिम ४ माझीटार बस्ने बर्ष अन्दाजी२८ का दिपेश माझी मध्यम रहेको ( बोल्न सक्ने)

घाइते भिमबहादुर थक्लुङलाई थप उपचारको लागि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान रेफर गरिएको प्रहरीले जनाएको छ ।

## राष्ट्रिय...

कर्णाली प्रदेशमा नेपाली कांग्रेसका उम्मेदवार ललितजंग शाही र नेकपा (एमाले) का उम्मेदवार मिनासिंह रखाल विजयी भएका छन् ।

आइतबार बिहान भएको मतदानमा शाहीले प्रदेशसभातर्फ २६ र स्थानीय तहतर्फ एक सय मत प्राप्त गरी बिजयी भएका हुन् ।

रखालले प्रदेशसभातर्फ २६ र स्थानीय तहतर्फ ९३ मत प्राप्त गरिन् ।

उनका प्रतिद्वन्द्वी नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार अन्जु महतराले प्रदेश सभातर्फ १३ र स्थानीय तहतर्फ ५५ मत तथा बुद्धिप्रसाद शर्माले प्रदेशसभातर्फ १३ र स्थानीय तहतर्फ ५० मत प्राप्त गरेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ।

प्रदेश निर्वाचन कार्यालय कर्णालीका अनुसार मतदानमा प्रदेशसभातर्फ ४० मध्ये ३९ मत र स्थानीय तहतर्फ १५८ मध्ये १५२ मत खसेको छ। प्रदेशसभातर्फ एक मत खसेन भने स्थानीय तहतर्फ ६ मत बदर भएको छ।

कर्णालीमा एक महिला र एक अन्य गरी दुई पदका लागि चार जनाको उम्मेदवारी परेको थियो। राष्ट्रिय सभामा निर्वाचित जुम्लाका शाही नेपाली कांग्रेस कर्णाली प्रदेश सभापति हुन् भने दैलेखका रखाल नेकपा एमालेका केन्द्रीय सदस्य हुन्।

**सुदूरपश्चिममा भण्डारी र खाती निर्वाचित**

सुदूरपश्चिम प्रदेशबाट नेकपा (एमाले) का लीला भण्डारी र नेपाली कांग्रेसका खम्मबहादुर खाती निर्वाचित भएका छन् । नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवारलाई पराजित गरी उनीहरु राष्ट्रिय सभा सदस्यमा विजयी भएका हुन् । महिलातर्फ एमालेका भण्डारीले तीन हजार ९८४ मतभार प्राप्त गरिन् । उनका प्रतिद्वन्द्वी नेपाली कम्युनिस्ट पार्टीका रोजी बस्नेत सुनारले एक हजार ६७६ मतभार प्राप्त गरिन् ।

यसैगरी, अन्यतर्फ काग्रेसका खातीले तीन हजार ९६९ मतभार प्राप्त गरी जित हात पारे । उनका प्रतिद्वन्द्वी टीकाराम जैसीले एक हजार ८०५ मतभार प्राप्त गरे । प्रदेश सभाका ५१ र स्थानीय तहका १७३ गरी कुल २२४ मतदाता रहेको सुदूरपश्चिम प्रदेशमा २२० मत खसेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ। एक प्रदेश सभा सदस्य बराबर ५३ र पालिकाका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष बराबर १९ मतभार रहेको छ।

# चोरीका दुई गाडी बरामद

सुनसरी । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीले चोरीका दुई वटा गाडी बरामद गरेको छ। ट्राफिक अपराध नियन्त्रण र सवारी सुरक्षालाई प्राथमिकतामा राख्दै सादा पोसाकमा परिचालन गरिएको विशेष टोलीले धरान र इटहरी क्षेत्रबाट लाखौँ मूल्य पर्ने गाडी बरामद गरेको हो ।

ट्राफिक व्यवस्थापन कार्यालय इटहरीका प्रमुख प्रहरी उपरीक्षक (एसपी) दीपक गिरीले पछिल्लो समय चोरीका सवारी साधन सञ्चालनमा आएको सूचना पाएपछि विशेष निगरानी र अनुसन्धान थालिएको र सोही क्रममा ट्राफिक प्रहरीको सक्रियताले दुई वटा चोरीका गाडी बरामद गर्न सफलता मिलेको बताए।

बरामद गरिएका गाडीको सम्बन्धित कम्पनीसँग सोधखोज गर्दा गाडीमा उल्लेख गरिएको इन्जिन नम्बर र चेसिस नम्बर आधिकारिक विवरणसँग मेल नखाएको पुष्टि भएको एसपी गिरीले जानकारी दिए। त्यस्तै, गाडीमा राखिएको नम्बर प्लेटको विषयमा यातायात व्यवस्था कार्यालयसँग बुझ्दा उक्त नम्बर प्लेट नै दर्ता नभएको खुलेको छ। यसले गाडी चोरी गरी अवैध रूपमा प्रयोग गरिएको पुष्टि भएको एसपी गिरीले बताए। ट्राफिक प्रहरीले धरान उपमहानगरपालिका वडा नम्बर-१७ बाट बा ८ च ९५१९ नम्बरको सिल्भर रङको हुण्डाई कम्पनीको कार र इटहरी उपमहानगरपालिका वडा नम्बर-५ बाट मे १ च ३८४६ नम्बरको सेतो रङको महिन्द्रा कम्पनीको बोलेरो गाडी नियन्त्रणमा लिएको छ। यसअघि पनि ट्राफिक प्रहरीले ताप्लेजुङ जिल्लाबाट चोरीका पाँच वटा बोलेरो गाडी बरामद गरेको थियो। बरामद गरिएका गाडीको विषयमा आइतबार ट्राफिक प्रहरीले पत्रकार सम्मेलन गरी घटना सार्वजनिक गरेको थियो।

एसपी गिरीका अनुसार बरामद गरिएका गाडीहरू आवश्यक कानुनी प्रक्रिया पूरा गरी लिलामीका लागि सुनसरी भन्सार कार्यालय, सेतु बन्ध कोशी ब्यारेजमा बुझाइएको छ। उनले सवारी साधन खरिद गर्दा कागजात, इन्जिन नम्बर र चेसिस नम्बर अनिवार्य रूपमा जाँच गर्न सर्वसाधारणलाई आग्रह गरेका छन्।

ट्राफिक प्रहरीको नियमित निगरानी, सूचनामा आधारित अनुसन्धान र सादा पोशाकमा गरिएको अपरेसनका कारण चोरीका सवारी साधन नियन्त्रणमा लिन सहज भएको भन्दै आगामी दिनमा पनि यस्ता अभियानलाई अझ प्रभावकारी रूपमा अगाडि बढाउने उनको भनाइ छ।

## शिक्षक..

सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय वा आचारसंहिताको परिच्छेद-८ बमोजिमका समिति, टोली वा अनुगमन अधिकृत समक्ष अनुसूची-४ बमोजिमको ढाँचामा उजुरी दिन सक्नेछ।

उजुरी दिँदा आधार, कारण र सो सम्बन्धी कुनै प्रमाण भए सो समेत संलग्न गरी दिनुपर्नेछ। यसरी उजुरी दिइएकोमा सम्बन्धित निकाय वा अधिकारीले सोको अभिलेख राखी आवश्यक कारबाही प्रक्रिया अघि बढाउनुपर्ने व्यवस्था छ। आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार यो आचारसंहिता उल्लंघन गरेको पाइएमा,उजुरी परेमा उनीहरूलाई स्पष्टीकरण सोधिने छ। त्यसपछि कारबाही गरिने छ।

'आयोगले सबैलाई आचारसंहिता पालना गर्न जानकारीसँगै आग्रह गर्दै आएको छ,यो विपरीत कार्य भएमा कारबाही गर्ने पनि तयारी गरिसकेको छौं,निर्वाचन क्षेत्र स्तर,जिल्ला,केन्द्र स्तरसम्म निर्वाचनका संयन्त्रहरू स्थापित भएको छ,उहाँहरूले दिएको अध्ययन रिपोर्ट आधारमा आयोगले कानुनअनुसार कुन किसिमको कारबाही बढाउने गर्ने भनेर निर्णय गर्छ।' निर्वाचन आचारसंहिता उल्लंघन गर्नेलाई उजुरीका आधारमा र आफैंले अनुसन्धान गरेर पनि कारबाही गर्ने उनले बताए। आयोगका अनुसार स्पष्टीकरण सोध्ने र चित्तबुझ्दो जवाफ नदिएकालाई रकमसगैं निजको सेवाशर्तसम्बन्धी प्रचलित कानुन बमोजिम कारबाही गर्नु भनी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखेर पठाउनुपर्छ।

केन्द्र र सम्बन्धित जिल्ला निर्वाचन कार्यालयले आचारसंहित उल्लंघन गर्ने शिक्षकहरूलाई पाँच हजारदेखि २५ हजारसम्म जरिवानासमेत तिराएको थियो। निर्वाचन प्रचारप्रसारमा कुनै पनि राजनीतिक दल र उम्मेदवारहरूले पनि बालबालिका र विधार्थीहरू सहभागी वा प्रयोग गर्न पाउँदैनन्। यी कार्य गरेको पाइएमा उम्मेदवार हरूलाई नै कारबाही हुन्छ। आचारसंहितामा निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गरेमा आयोगले एक लाख रूपैयाँसम्म जरिवाना गराउने छ। यतिमात्रै नभएर उम्मेदवारी समेत रद्द हुने व्यवस्था छ।




## संखुवासभामा जिप दुर्घटनाः दुई जनाको मृत्यु

संखुवासभा , माघ ११ । संखुवासभाको चैनपुर नगरपालिका-१ नुनढाकीमा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । दुर्घटनामा तीन जना घाइते भएका छन् ।

चैनपुरबाट बिहीबारेतर्फ जाँदै गरेको प्र १-००१ च ८२४७ नम्बरको जिप चैनपुर-१ नुनढाकी नजिक दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक कुमारप्रसाद मैनालीले जानकारी दिए । मृतकको पहिचान खुल्न सकेको छैन ।

दुर्घटनालगत्तै सशस्त्र प्रहरी नं ४ गुल्म चैनपुरका प्रहरी नायव उपरीक्षक बाबुराम पौडेल, इलाका प्रहरी कार्यालय चैनपुरका प्रहरी निरीक्षक पर्शुराम राईसहितको टोली घटनास्थल पुगेको छ । घाइते सबैको उद्धार गरेर प्राथमिक स्वास्थ्य केन्द्र चैनपुर लगिएको प्रहरीले जनाएको छ ।


## शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

ब्याङडाँडा ,झापा

### जनहितमा जारी सूचना

**महिला हिंसा अन्त्य गरौं ।**

१. महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
२. महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
३. कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
४. हिंसामा परे तत्काल कानूनी सहायता लिऔं
५. कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
६.घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
७. महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
८.हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
९. महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाऔं ।


## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (सात) ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

**प्रकाशित मिति : २०८२/१०/१२**

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमबाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ७ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ७औं दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको ८औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोडमा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम् कदाचित सो धितोबाट कर्जा असुल उपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको कर्जा रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानून बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफ्नो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| | |
|---|---|
| शाखा कार्यालय : बिराटचोक | कर्जाको प्रकार : व्यवसायिक आवाधिक कर्जा र चालुपूँजी कर्जा |
| **ऋणी, व्यक्तिगत र धितो जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण** | |
| **ऋणी** : नेपाल सरकार उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभाग घरेलु तथा साना उद्योग कार्यालय, मोरङ (विराटनगर) मा मिति २०६७/१०/१० मा प्रा.फ.नं.घ.मो. ९४४८/०६७/०६८ अर्न्तगत दर्ता भएको रजिष्टर्ड ठेगाना मोरङ जिल्ला हरैचा गा.वि.स. वडा नं.२ भई हाल सुन्दरहरैचा न.पा. वडा न ९ स्थित **नागदेवी उड फर्निचर**का तर्फबाट ऐ. का प्रोप्राईटर फत्त बहादुर कार्कीको नाती, निर बहादुर कार्कीको छोरा नागरिकता बमोजिम धनकुटा जिल्ला, मुगा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भै हाल मोरङ जिल्ला सुन्दरहरैचा नगरपालिका वडा नं. ९ बस्ने मिति २०५८/१०/२५ मा जिल्ला प्रशासन कार्यालय धनकुटाबाट जारी गरिएको ना.प्र.नं. ९५ भएको वर्ष ४२ को **रमेश कार्की** । | |
| **धितो सुरक्षणको विवरण** : रमेश कार्कीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला हरैचा गा.वि.स वडा नं. ८ स्थित कि.नं. १३८३, १३८६ र १३८७ को क्षेत्रफल क्रमशः ०–०–११-०, ०-०-१-१ र ०-०-०-२ (बि.क.धु.) जग्गा, उल्लेखित जग्गामा निर्मित घर र उल्लेखित घरजग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । | |
| **व्यक्तिगत जमानीकर्ता** :<br>नाम : मल्लिका खड्का<br>बाबू : रंगबहादुर खड्का<br>पति : रमेश कार्की<br>ना.प्र.नं : ०८३०२०/०८ (जारी मिति र जिल्ला : २०६३/१०/१९, तेहथुम)<br>ठेगाना : तेहथुम जिल्ला, ओखे गा.वि.स. वडा नं ७ स्थायी ठेगाना भई हाल सुन्दरहरैचा न.पा. वडा नं.९, मोरङ | |

**शर्तहरुः–**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षेरपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ । साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पनेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%) ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS)मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक(Good for Payment Cheque)अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बूझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।
१२.

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# चार सुरक्षा निकायको जिम्मेवारी

**हाम्रो मुलुकका प्रमुख तीन संस्था नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी आफ्नै विशिष्ट अवस्थामा जन्मिएका हुन्। नेपाली सेना नेपालको एकीकरणसँग जोडिएको छ। नेपाल प्रहरीको इतिहास विशिष्ट छ। राणाशासनविरुद्धको आन्दोलनमा लडेका व्यक्तिसहित भएर यो शक्ति बनेको हो। प्रहरी ऐन २०१२ जारी भएपछि यसको विकास अगाडि बढेको हो। तर, समुदाय प्रहरीको अवधारणा राणाकालदेखि नै सुरु भइसकेको हो। आजको दिनमा पनि प्रहरी भनेको राज्यको सबैभन्दा अगाडि रहेको निकाय हो। मर्दापर्दा जहिल्यै यही संस्थाले काम गरिरहेको हुन्छ। दैनिक कार्यव्यवहारदेखि दुर्घटना र सवारी व्यवस्थापनसम्ममा यसले काम गर्छ। सडकमा प्रहरी नदेखिँदा सर्वसाधारणले पनि अनौठो मान्ने अवस्था छ। राज्य भन्नु नै प्रहरी हो।**

**सबैभन्दा कान्छो सुरक्षा संगठनका रूपमा स्थापना भएको सशस्त्र प्रहरी पनि २५ वर्षको पुगेको छ। तत्कालीन नेकपा (माओवादी)ले मुलुकमा सशस्त्र द्वन्द्वको थालनी गरेपछि मुलुकको जटिल राजनीतिक अवस्था, संविधान र शक्ति सन्तुलनका कारण यो संस्थाको जन्म भएको हो। सेनालाई सजिलै प्रयोग गर्न नसकिने, नेपाल प्रहरीको क्षमता नपुग्ने अवस्थामा अर्धसैनिक बलका रूपमा यसको स्थापना भएको हो।**

**त्यसो त मुलुकमा चौथो सुरक्षा निकाय पनि छ। यसले प्रत्यक्ष रूपमा मैदानमा उत्रिएर शान्तिसुरक्षाका निम्ति काम गर्दैन। राष्ट्रिय अनुसन्धान विभागको मुख्य काम जासुसी सूचना प्राप्त गर्नु, त्यसलाई विश्लेषण गरी सरकारका कामलाई सहयोग पुर्‍याउनु हो। विगतमा विशेष प्रहरी नामक संस्था पनि नरहेको होइन। तर, २०४६ सालको जनआन्दोलनपछि राष्ट्रिय अनुसन्धान विभागले यो जिम्मेवारी पूरा गर्दै आएको छ। भनिन्छ, सर्वसाधारण नागरिक बिनावर्दीका प्रहरी हुन्। यसकारण पनि देशको शान्तिसुरक्षाको अवस्थालाई बुझेर तदनुकूलको व्यवहार गर्नु नागरिक कर्तव्य हो। मुलुकको सुरक्षा कति महत्वको हुन्छ भन्ने थाहा पाउन गत भदौ २४ को स्थितिलाई मनन गर्नुपर्छ। सामान्य अवस्थामा संस्थाहरूलाई बेवास्ता गरिएको हुन्छ। तिनको महत्वलाई पनि खासै आँकिएको हुँदैन। तर, देशमा शान्तिको सास फेर्न नपाइने अवस्था हुँदा कसैलाई पनि सहज हुँदैन। संसारका कैयन् मुलुक आज पनि अनेकन् दुःख भोगिरहेका छन्। शान्तिसुरक्षाको अभाव नै तिनको जीवनको सबैभन्दा कठिनाइपूर्ण स्थिति हो। मुलुक आसन्न निर्वाचनको तयारीमा छ। यो तयारीको मुख्य हिस्सा पनि सुरक्षा निकाय नै हुन्। तिनले गर्ने प्रभावकारी भूमिकाले निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र स्वतन्त्र बनाउँछन्। यिनै निकायको मातहतमा 'निर्वाचन प्रहरी' पनि खटिनेछन्। विगतमा भनिँदै आएको 'म्यादी प्रहरी' भन्ने शब्दावलीलाई अहिलेको सरकारले परिवर्तन गरेर राम्रो नाम ' निर्वाचन प्रहरी' दिएको छ। निर्वाचनमा यी चारैवटा सुरक्षा निकायले आआफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# नागरिक विवेकको परीक्षा



• विपुल पोखेल

फागुन २१ को निर्वाचन सुनिश्चित भएको छ । अब देश निर्वाचनको राजमार्गमा हिँडिसक्यो । जेनजी विद्रोहपछि विघटित सरकारको स्थानमा नयाँ सरकार गठन गर्दा संसद् विघटन हुँदा संविधानका धाराले प्रस्ट रूपमा साथ दिएका थिएनन् । आन्दोलनको वैधताको जगमा उभिएर नयाँ सरकार गठन गरी निर्वाचन मिति तय भएको थियो । यो मितिमा निर्वाचन नहुँदा देश फेरि 'ब्ल्याक होल' मा फस्ने चिन्ता पनि थियो । माघ ६ गतेको उल्लासमय मनोनयन र त्यसपछि उम्मेदवारको क्रियाशीलता हेर्दा त्यो चिन्ता पूर्णरूपमा हटेको छ ।

यो निर्वाचन आफैँमा महत्वपूर्ण राजनीतिक घटनाका रूपमा नेपालको इतिहासमा स्मरणीय हुने छ । विद्रोहपछिको पहिलो निर्वाचन मात्रै नभई नयाँ पुस्ताको उर्लंदो राजनीतिक चासो र सक्रियता देखिन्छ । राजनीतिभन्दा फरक क्षेत्रमा चर्चितको ठुलो सङ्ख्या निर्वाचन प्रतिस्पर्धामा नै उत्रिएको, परम्परागत शक्ति सन्तुलन व्यापक रूपमा खलबलिएको, नयाँ दलहरूको जबरजस्ती उपस्थितिको तयारी अनि स्थापित दललाई आफ्नो औचित्यको पुनर्पुष्टि गर्नुपर्ने बाध्यता । यी र यस्ता विविध कारणले यो निर्वाचन आफैँमा महत्वपूर्ण मानिएको छ । निर्दलीय सरकारका मन्त्रीहरूको चुनाव लड्ने मोह, राष्ट्रिय सभादेखि स्थानीय तहसम्मका जनप्रतिनिधि कार्यकाल छँदै राजीनामा दिएर चुनावमा आएका छन् । यो निर्णय ठिक कि बेठिक भन्ने बहस चलिरहला तर दायित्वमा रहँदारहँदै नेताहरू किन थप प्राप्तिको आकाङ्क्षा राख्छन् र समय नबित्दै ठुलो पद खोज्छन् ? भन्ने कुराको चित्त बुझ्दो जवाफ पाउन सकिएको छैन । त्यसैले नवीन, असल, विवादित अभ्याससहित विशिष्ट परिस्थितिमा यो निर्वाचन सम्पन्न हुन लागेको छ ।

सबै कुराको छिनोफानो जनमतले नै गर्ने छ । लिकबाहिर गएको हाम्रो संसदीय लोकतन्त्रको बाटोलाई यही निर्वाचनले मात्र सही बाटोमा फर्काउन सक्छ भन्ने आम मत बनेको छ । यसै कारण यस्ता सबैखाले अभ्यासलाई पनि जनता जनार्दनको पोल्टामा निर्णको जिम्मा दिँदै निर्वाचन अगाडि बढेको छ । निर्वाचनको सामर्थ्य भनेको यही हो कि सबैखाले बहसलाई जनताको जिम्मा लगाएर नयाँ जनमतका साथ देश अगाडि बढाउन निर्देशन दिन सक्छ । त्यस कारण यो सत्यतालाई स्विकारेर निर्वाचनमा सहभागी हुनुको विकल्प छैन । निर्वाचनको समय भनेको नागरिक ध्रुवीकृत हुने समय हो भन्ने भाष्यलाई गलत हो भनेर स्थापित गर्ने गरी यसपालिको निर्वाचनमा सबै सहभागी हुनुपर्ने छ । यो समय भनेको त समाजका समस्या, तिनका समाधान अनि आवश्यकतामाथिको व्यापक अन्तर्क्रिया गर्ने समय हो । राष्ट्रिय विषय, स्थानीय विषय अनि अल्पकालीन र दीर्घकालीन रणनीतिका बारेमा सिङ्गो समाजलाई नै छलफलमा सहभागी गराउने समयका रूपमा मतदानको अघिल्लो दिनसम्मलाई भरपुर उपयोग गर्नु पर्छ । यसो गर्न सक्यौँ भने निर्वाचनले संसद् सदस्यलाई मात्र चुन्ने छैन, उनीहरूको जिम्मेवारीसमेत तोकिदिने छ । संसदीय अभ्यास कसरी चल्ने भन्ने तय गरिदिने छ । नागरिकलाई सधैँ सचेततापूर्वक संसद् र सरकारका गतिविधिलाई नियाल्न योग्य बनाउने छ । त्यति मात्र होइन यो ढङ्गको सामाजिक अन्तर्क्रियाले नैराश्यताको जगमा उभिएर नाफाको रोटी सेक्ने र देशको समस्याप्रति इमानदार भई चिन्तन गरिरहेका तथा नयाँ सोच र जोसलाई राष्ट्रको लक्ष्य र पुँजी बनाउन चाहनेहरू प्रस्ट रूपमा छुट्याउन सक्ने छ । यो प्रस्टताले कसलाई किन मतदान गर्ने भन्ने कुरामा विवेकपूर्ण निर्णय लिन हरेक मतदातालाई सहज बनाउने छ । मतदान आफ्नै विवेकको अन्तिम अभिव्यक्ति हो र हुनु पर्छ । विवेकको प्रयोग गर्ने वातावरण बनाउन पनि सामाजिक अन्तर्क्रिया जरुरी हुन्छ । मतदानको अघिल्लो दिनसम्मको समय यो कुराका लागि मलिलो समय हो र हुनु पर्छ । सबैले त्यस्तो बनाउन योगदान पनि दिनु पर्छ ।

निर्वाचनको क्रममा मतदानभन्दा अगाडि हुने सामाजिक अन्तर्क्रियाले अबको संसद् सक्षम बन्ने विश्वास गर्न सकिन्छ । जस्तोसुकै समस्याको निकास पनि जनमतबाटै खोजिनु पर्छ । जेनजी आन्दोलन र त्यसले निम्ताएको परिवेशबाट मुलुकलाई अगाडि बढाउन वैधानिक बाटो जननिर्वाचित संसद्ले मात्र तय गर्न सक्छ भन्ने दृढ मान्यताका साथ निर्वाचनमा केन्द्रित हुन नागरिकस्तरको अपिल पनि हो । त्यस्तो अन्तर्क्रिया अझ व्यापक हुँदै जाने अपेक्षा पनि गर्न सकिन्छ । ती अन्तर्क्रियामा देखिने उच्चस्तरको सामाजिक चेत आउने संसद्मा प्रतिविम्बित हुने विश्वाससमेत गर्न सकिन्छ । यसरी यो निर्वाचनले नयाँ मनोविज्ञानसहितको संसद् निर्माण गर्ने छ । त्यो संसद्ले समकालीन समस्या पहिचान गरी त्यसको समाधानको उपयुक्त र अत्यधिक स्वीकार्य मार्ग पहिल्याउने छ । लोकतन्त्र पुनः आफ्नो गतिमा अगाडि बढ्ने छ । घृणा-आलोचनाको भाषा अनि भौतिक विकासको आश्वासनसँग होइन, नवीन मुद्दा पहिचान गर्न सक्ने, तिनको समाधानका लागि संसद्को क्षेत्राधिकार बारेमा प्रस्ट हुँदै आफ्नो भूमिका खेल्न सक्नेलाई संसद् प्रवेशको ढोका खुला गर्ने गरी जनमत प्रकट हुनु पर्छ । नैराश्यताको महल खडा गरी बनाइएको लोकप्रियतावादले देश बन्दैन, वस्तुनिष्ठ समीक्षासहितको प्रस्ट दृष्टिकोण र त्यसको समाधानका लागि दृढसङ्कल्प गर्न सक्ने संसद् निर्माणमा सबैले योगदान गर्नु पर्छ ।

आसन्न निर्वाचन स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन कसैले कसैलाई अलमल्याउन नसक्ने वातावरण निर्माण गर्नु लोकतन्त्रका सबै पक्षको साझा जिम्मेवारी हो । यस प्रक्रियामा नागरिक समाजको भूमिका सचेतना फैलाउने र तथ्यमा आधारित बहसलाई प्रोत्साहित गर्नेमा केन्द्रित हुनु पर्छ । नागरिक समाजले मतदातालाई डर, लोभ वा भ्रमबाट जोगाउँदै स्वतन्त्र निर्णय लिन सक्ने अवस्था तयार पार्नु पर्छ । सामाजिक अन्तर्क्रियाका साथै निगरानी र सार्वजनिक दबाबमार्फत नागरिक समाजले निर्वाचनको नैतिक धरातल मजबुत बनाउन सक्छ । त्यस्तै निर्वाचनलाई नागरिकको विवेकपूर्ण अभिव्यक्तिका रूपमा स्थापित गर्न पत्रकारिता क्षेत्रको भूमिका झनै महत्वपूर्ण र संवेदनशील हुन्छ । पत्रकारिताले सत्य, सन्तुलित र प्रमाणमा आधारित सूचना प्रवाह गरेर अफवाह र गलत सूचनाको प्रतिरोध गर्नु पर्छ । यो निर्वाचनका क्रममा देखिएको एउटा खराब पक्ष भनेको कुनै व्यक्तिको देवत्वकरण र कुनै व्यक्तिको राक्षसिकरण गर्ने होड हो । सबैले अर्काको राक्षसीकरण गर्ने गरी सामाजिक सञ्जालमाका लागि सामग्री तयार हुने प्रतिस्पर्धा नै छ । यस्ता क्रियाकलाप बन्द हुनु पर्छ । यो बेला पत्रकारिताले तथ्यमा आधारित सामग्रीलाई आकर्षक ढङ्गले पस्किँदै नागरिकको ध्यान आफूतिर खिच्ने रणनीति बनाउन सक्नु पर्छ । यो आफ्ना लागि गरिएको कर्म मात्र हुने छैन सही र योग्य उम्मेदवार छान्न नागरिकलाई पनि सघाउने छ । यो बेला सनसनी र पूर्वाग्रहभन्दा माथि उठेर तथ्य जाँच र जवाफदेहितालाई प्राथमिकता दिनु पत्रकारिताको कर्तव्य हो । स्वतन्त्र र जिम्मेवार पत्रकारिताले मतदातालाई अल्मल्याउने प्रयासलाई सार्वजनिक बहसको दायरामा ल्याउँछ ।

राजनीतिक दलहरूले अस्वस्थ प्रतिस्पर्धालाई पूर्ण रूपले अस्वीकार गर्दै आफ्ना कार्यक्रम, नीतिगत दृष्टि र उम्मेदवारको योग्यता इमानदार रूपमा प्रस्तुत गर्नु पर्छ । उक्साहट, घृणा र भ्रमको राजनीति त्यागेर प्रतिस्पर्धालाई विचार र कार्यदक्षतामा केन्द्रित गराउनु दलहरूको दायित्व हो । आन्तरिक लोकतन्त्र र अनुशासनले मात्रै दलहरूलाई विश्वसनीय बनाउँछ ।

अब सुरक्षाका दृष्टिले सरकारको दायित्व झनै महत्वपूर्ण हुन्छ । निर्वाचन भयरहित वातावरणमा सम्पन्न गराउनु सरकारको प्रमुख संवैधानिक र नैतिक दायित्व हो । सरकारले निर्वाचनको सम्पूर्ण प्रक्रियामा नागरिकको सुरक्षा सुनिश्चित गर्नु पर्छ । मतदान स्थल, सञ्चार माध्यम र डिजिटल प्लेटफर्ममा हुने दुरुपयोग रोक्न प्रभावकारी सुरक्षा रणनीति आवश्यक हुन्छ । सुरक्षा निकाय निष्पक्ष र राजनीतिक प्रभावबाट मुक्त रहनु अनिवार्य छ । कानुन कार्यान्वयनमा दोहोरो मापदण्ड अपनाइएमा जनविश्वास कमजोर हुन्छ । सरकारले अभिव्यक्ति स्वतन्त्रता सुरक्षित राख्दै हिंसा, धम्की र डर फैलाउने गतिविधिलाई कडाइका साथ नियन्त्रण गर्नु पर्छ । सुरक्षाका नाममा लोकतान्त्रिक अधिकार कुण्ठित नभई नागरिक स्वतन्त्रता सुरक्षित हुने सन्तुलन कायम गर्नु सरकारको मूल जिम्मेवारी हो ।
गोप

# जनसुरक्षामा परनिर्भरताबाट आत्मनिर्भरतातर्फ



• जगन्नाथ काफ्ले

विश्वव्यापी रूपमा खासगरी कोभिडको महामारीपछाडि राज्यको सामाजिक कल्याणकारी प्रणालीहरूले महत्त्वपूर्ण चुनौतीहरूको सामना गरिरहेका छन्। फिनल्यान्ड, स्विडेन, नर्वे र डेनमार्कजस्ता ऐतिहासिक रूपमा उत्कृष्ट सामाजिक सुरक्षा भएका देशमा समेत निरन्तर रूपमा सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा जालीको दिगोपनका मुद्दाहरूलाई उजागर गरेको छ। कुनै समय निर्विकल्प उदार र कल्याणकारी लाभहरूमा गर्व गर्ने र नमुना ठानिने यी सरकार अब कडा बजेट चाप, उच्च सामाजिक सेवाको माग र जनसांख्यिकीय परिवर्तनहरूसँग जुधिरहेका छन्, जसले सबैभन्दा उन्नत कल्याणकारी कार्यक्रमहरूको आभ्यासलाई पनि चुनौती दिइरहेको देखिन्छ।विकासशील देशहरूमा विश्व बैंक र दाताहरूद्वारा अनुदानमा आधारित सामाजिक सुरक्षा जाली कार्यक्रमहरू अत्यावश्यक देखिएका छन्। तर अल्प विकसित मुलुकका करोडौं जनसंख्या उक्त सेवाबाट बाहिर रहेको तथ्यांकले देखाएको छ। धनी कल्याणकारी राज्यहरूले समेत आफ्नो प्रणाली कायम राख्न संघर्ष गर्दा बाह्य सहायतामा निर्भर गरिब राष्ट्रहरूले दीर्घकालीन स्थिरताको कसरी सुनिश्चित गर्न सक्छन् भन्ने चिन्ता छ। यो विश्वव्यापी अवस्थाले आर्थिक र सामाजिक स्थिरताको लागि लचिलो, आत्मनिर्भर जग निर्माण गर्दै समाजहरूले कसरी आफ्नो सबैभन्दा कमजोर जनसंख्यालाई सुरक्षित गर्न सक्छन् भन्नेबारे नयाँ विचारहरू जगाएको छ।

यसै सन्दर्भमा एउटा नयाँ अवधारणा 'सामुदायिक सुरक्षा जाली अर्थशास्त्र' नीतिनिर्माताहरू, अनुसन्धानकर्ताहरू र विकास विज्ञहरूमाझ चासोको विषय बनेको छ, जुन अवधारणा फिनल्यान्डको तुर्कु स्कुल अफ इकोनोमिक्सका अनुसन्धानकर्ता पंक्तिकार स्वयंले प्रस्ताव गरेको छ। यो अर्थशास्त्रको मोडेलले समुदाय-स्वामित्वमा आधारित व्यवसायहरूलाई सामाजिक सुरक्षासँग जोड्ने हाइब्रिड सामाजिक-आर्थिक प्रणालीको वकालत गर्छ। यसले विकसित राष्ट्रहरूमा राज्य-नेतृत्व समाज कल्याण र विकासशील देशहरूमा अनुदान पोषित सुरक्षा जालीहरूको परम्परागत दृष्टिकोणलाई चुनौती दिन्छ। बरु, यसले समुदाय-आधारित, आत्मनिर्भर मोडेललाई प्रवर्धन गर्छ जसले एकीकृत ढाँचाभित्र सामाजिक कल्याणलाई उत्पादनसँग जोडेर समाधान दिने प्रस्ताव गरेको छ।जसमा समुदायहरूले आफ्नो सुरक्षा, लचिलोपन र समृद्धिको जिम्मा आफैं लिन सक्षम हुन्छन् भन्ने उपाय छ। यो विचार वर्तमान प्रणालीहरूको सीमितताहरू पहिचान गरेर सुरु हुन्छ। परम्परागत सामाजिक सुरक्षा जालीहरू - जस्तै नगद स्थानान्तरण, खाद्य सहायता, आवास सहुलियत, वा बेरोजगारी भत्ताहरू - आर्थिक, सामाजिक, शारीरिक तथा मानसिक रूपमा कमजोर व्यक्ति तथा समूहहरूलाई सहायता गर्न महत्त्वपूर्ण हुन्छ। यद्यपि, तिनीहरू प्रायः बाह्य अनुदान कोष, राजनीतिक चक्र र आर्थिक परिवर्तनहरूबाट प्रभावित हुने र उतारचढावपूर्ण सरकारी बजेटमा भर पर्छन्। धेरै विकासशील राष्ट्रहरूमा, कार्यान्वयनमा ढिलाइ, कमजोर संस्थागत क्षमता, अभिजात (कुलीन) वर्गको कब्जा र स्थानीय परिवेशसँग कमजोर तालमेल हुनाले तिनीहरूको प्रभावकारितालाई अझ कमजोर पार्दछ।

प्रस्तावित सामुदायिक सुरक्षा जाली अर्थशास्त्रले समुदाय, बजार र राज्यबीचको सम्बन्धलाई पुनर्कल्पना गरेर यी समस्याको समाधान दिन्छ। विपन्न व्यक्ति तथा समूहहरूलाई सहायताको निष्क्रिय प्राप्तकर्ताको रूपमा राख्नुको सट्टा, मोडेलले उनीहरूलाई स्थानीय रूपमा शासित सामाजिक-आर्थिक प्रणालीमा सक्रिय सहभागीको रूपमा परिकल्पना गर्छ। समुदाय-सञ्चालित संस्थागत निकायले मोडेलको केन्द्रमा बसेर काम गर्छ। यो निकायले समुदायका सबै परिवार र व्यक्तिहरूको प्रतिनिधित्व गर्छ। सामाजिक-आर्थिक खाताको प्रबन्ध गर्छ। सामूहिक लगानी व्यवस्थापन गर्छ। सेयर र प्रोत्साहनहरू वितरण गर्छ। सरकारी कार्यक्रमहरूसँग समन्वय गर्छ र प्रत्येक घरपरिवारलाई आधारभूत आवश्यकताहरू पूरा गर्न तथा जोखिम भएको बेला सामाजिक सुरक्षा सहजरूपमा पुऱ्याउन सुनिश्चित गर्छ। यसले घरपरिवार, उद्यमी, बजार, स्थानीय सरकारहरू र बाह्य सरोकारवालाबीच पुलको रूपमा काम गर्छ। साथै, समुदायलाई मध्यस्तकर्ता तथा कुलीन वर्गको कब्जाबाट जोगाउँछ र लाभहरूको समान वितरण सुनिश्चित गर्छ।

मोडेलको आर्थिक इन्जिन सामुदायिक लगानी र साझा उद्यमशीलतामा निर्माण भएको हुन्छ। समुदायहरूले स्थानीय स्रोतहरू- पुँजी, भूमि, श्रम, ज्ञान- लाई एकत्रित कोष र समुदाय-स्वामित्वमा रहेका विभिन्न उद्यममा परिचालन गर्छन्। यी उद्यमले आम्दानी उत्पन्न गर्छन्, जसले समुदायको सुरक्षा जालीलाई प्रत्यक्ष रूपमा योगदान गर्छ। यसले सरकारी बजेट वा दाताको सहयोगलाई समेत उत्पादनमूलक व्यवस्थापन गरेर दिगो वित्तीय आधार निर्माण गर्छ। स्थानीय आर्थिक गतिविधिमा सामाजिक सुरक्षालाई एकीकृत गरेर, मोडेलले परम्परागत कल्याणकारी कार्यक्रमहरूमा सामान्यतया देखिने परनिर्भरताबाट आत्मनिर्भरतामा परिणत गर्नमा समर्पित हुन्छ। जसले स्थानीय स्तरमै उद्यमशीलता विकास, रोजगारी सिर्जना र आर्थिक विविधीकरणका लागि प्लेटफर्म पनि प्रदान गर्छ।

समुदायको प्रतिस्पर्धात्मकता बढाउनुका साथै यो मोडेलले हरेक सामाजिक-आर्थिक चुनौती सामना गर्ने क्षमतावान् बनाउँछ। सामुदायिक सुरक्षा जाली अर्थशास्त्रको एक विशिष्ट विशेषता भनेको वैज्ञानिक नवप्रवर्तनलाई स्वदेशी ज्ञानसँग मिलाउने कुरामा यसको ध्यान केन्द्रित गर्नु हो। मोडेलले समुदायहरूमा बहुमूल्य परम्परागत अभ्यास, पारिस्थितिक अन्तर्दृष्टि र स्थानीय सीपहरू छन्, जुन आधुनिक प्रविधिमार्फत बढाउन सकिन्छ भनेर स्वीकार गर्छ। यी ज्ञान प्रणालीहरूलाई संयोजन गरेर, समुदायहरूले उत्पादकता बढाउन, वातावरणीय दिगोपनलाई प्रवर्धन गर्न र जलवायु परिवर्तन तथा अन्य विषम झट्काको विरुद्ध सामना गर्ने क्षमता निर्माण गर्न सक्छन्। यसले जैविक विविधता संरक्षण, दिगो प्राकृतिक स्रोत प्रयोग र जलवायु-अनुकूलनशील विकासलाई प्रोत्साहन गर्छ।

यस प्रारूपले तीन अन्तरसम्बन्धित स्तरहरूमा काम गर्छ। बृहत् स्तरमा, राष्ट्रिय नीति, कानुनी रूपरेखा, सरकारी बजेट र बजार वातावरणले सामुदायिक कार्यान्वयन सशक्त बनाउन आकार दिन्छ। सरकारले नियामक समन्वय, प्राविधिक तथा आर्थिक सहयोग र सामाजिक सुरक्षा जाली कार्यक्रमहरू प्रदान गरेर महत्त्वपूर्ण भूमिका खेल्न सक्छ, जसले सामुदायिक पहलहरूलाई पूरक र थप मजबुद बनाउँछ। मध्यम स्तरमा, सामुदायबाट सञ्चालित निकायले संस्थागत संयन्त्रहरू विकास गर्छ, जवाफदेहिता सुनिश्चित गर्छ, सामूहिक लगानीहरू व्यवस्थापन गर्छ, राज्यका संयन्त्रहरू र बजारहरूसँग सहकार्य गर्छ। सूक्ष्म स्तरमा व्यक्ति तथा घरपरिवारहरूले आफ्नो लगानी क्षमता, जीविकोपार्जन रणनीति, जोखिम र सुरक्षा जालीमार्फत प्रणालीमा आबद्ध हुन्छन्। यो बहु-स्तरीय संरचनाले फराकिलो संस्थागत संरचनाबाटसर्वसाधारणलाई लाभ दिनुका साथै स्थानीय परिस्थिति र वास्तविकताहरूमा आधारित भएर मोडेलले काम गर्छ।

मोडेलले चार प्रमुख सरोकारवालालाई विशेष जोड दिएको छ। तिनका भूमिका एकअर्कामा जोडिएका छन्। पहिलो- सरकार, सरकारले नियामक ढाँचाहरू स्थापना गर्छन्, प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्छन् र सामाजिक सुरक्षा कार्यक्रमहरू लागू गर्छन्। दोस्रो- समुदाय-सुशासित निकाय, जसले सामूहिक लगानीको प्रबन्ध तथा व्यवस्थापन गर्छ, स्रोतहरू बाँडफाँड गर्छ, द्वन्द्व समाधान गर्छ र लाभहरूको उचित वितरण सुनिश्चित गर्छ। तेस्रो- समुदाय-सुशासित निकायको मातहतमा रहने उद्यमीहरू, जसले सामुदयिक नवप्रवर्तन (उद्यम) चलाउँछन्, वस्तु तथा सेवाको उत्पादन गर्छन्, रोजगारी सिर्जना गर्छन्, नयाँ प्रविधिहरू अपनाउँछन् र सामुदायिक सुरक्षा जाल कोषमा योगदान गर्छन्। चौथो- घरपरिवार तथा व्यक्तिहरू, जसले आफूसँग भएको बचत तथा स्रोतहरू लगानी गर्छन्, निर्णय लिने काममा भाग लिन्छन्, उद्यमका सेयरहरू प्राप्त गर्छन्, नयाँ उद्यमहरू प्रस्ताव गर्छन्, आर्थिक अवसरहरू र सामाजिक सुरक्षा दुवैबाट फाइदा लिन्छन्। यो सरोकारवालाहरूको परिपूरक प्रणालीले सबैको अधिकार र जिम्मेवारीहरूलाई सन्तुलनमा राख्छ। एकताबद्ध प्रणाली सञ्चालन र स्वावलम्बी समाजलाई प्रवर्धन गर्छ।

मोडेलको सशक्त विशेषताको बाबजुद, व्यवहारमा आइपर्ने चुनौतीहरूलाई पहिचान गरिएको छ। कमजोर डिजाइन र अभ्यास गरिएमा लक्षित उद्देश्य प्राप्त हुन र यथेष्ट प्रोत्साहनहरू पाउन मुस्किल पर्न सक्छ। कमजोर सक्रियता, स्थानीय साधन, स्रोत र परिस्थितिसँग नितिगत बेमेल, कार्यान्वयनमा ढिलाइ र टाठाबाठा (कुलीन) वर्गको प्रभुत्वको जोखिमले प्रभावकारितालाई कमजोर बनाउन सक्छ। परनिर्भरताबाट आत्मनिर्भरतामा संक्रमणका लागि सावधानीपूर्वक संस्थागत डिजाइन, बलियो सुशासन र स्थानीय परिवेशको संवेदनशील संयोजन गर्न आवश्यक पर्छ। यी चुनौती यस मोडेलमा र हाम्रो गाउँटोलमा मात्र सीमित हुँदैनन्। तिनीहरूले विश्वव्यापी रूपमा कल्याणकारी प्रणालीहरूले सामना गर्ने व्यापक कठिनाइ तथा चुनौतिलाई समेत प्रतिविम्बित गर्छन्। तैपनि स्थानीय स्वामित्व, सामूहिक लगानी र एकीकृत सामुदायिक-सुशासनमा आधारित मोडेलको कार्यान्वयनले समसामयिक चुनौतीहरूलाई अझ सशक्त, दिगो, आधारभूत र प्रभावकारी रूपमा सम्बोधन गर्ने मार्ग प्रदान गर्छ।

विश्वव्यापी कल्याणकारी प्रणालीहरूले अभूतपूर्व चुनौतीहरूको सामना गर्दा, दिगो, समुदाय-नेतृत्वमा समाधानहरूका लागि बढ्दो महत्त्व छ। सामुदायिक सुरक्षा जाली अर्थशास्त्रले सामाजिक सुरक्षाको भविष्यका लागि एक प्रेरणादायी दृष्टिकोण र समाधानको उपाय प्रस्तुत गर्छ। सरकारी बोझ कम गर्न, स्थानीय सशक्तीकरणलाई प्रवर्धन गर्न, बलियो सामुदायिक अर्थतन्त्रहरू विकास गर्न, छिमेकी तथा सामुदायिक सम्बन्ध बलियो बनाउने, आफ्नै मजबुद सुरक्षा जालीहरू तयार गर्न र प्रभावकारी बनाउन सम्भव बनाउँछ। यसले निष्पक्षता, लचिलोपन र अवसरको विश्वव्यापी उद्देश्यहरूलाई प्रभावकारी कार्यान्वन गर्छ, जसले विकसित र विकासशील राष्ट्रहरू दुवैलाई तथा सहरी एवं ग्रामीण परिवेशलाई दीर्घकालीन सामाजिक सुरक्षा रणनीतिहरूमा पुनर्विचार गर्न मार्ग प्रशस्त गर्छ।

यद्यपि अझै पनि मोडेलको अवधारणात्मक विकास, निरन्तर परीक्षण र परिष्करणको चरणमा छ। यद्यपि मोडेलले साहसपूर्वक सुझाव दिन्छ कि उचित संस्थागत समन्वय र सामाजिक-आर्थिक उपकरणहरूको सदुपयोग गरेर समुदायहरूले कल्याणकारी स्वावलम्बी प्रणालीहरू स्थापना गर्न सक्छन् जुन सुरक्षात्मक मात्र होइन उत्पादक, लचिलो, आत्मनिर्भर र दिगोपन पनि हुन्छ। जहाँ परम्परागत कल्याणकारी प्रणालीहरू बढ्दो चुनौती भोगिरहेका छन् र दाता-सञ्चालित पहलहरू प्रायः दिगो प्रभाव सिर्जना गर्न असफल हुन्छन्, सामुदायिक सुरक्षा जाली अर्थशास्त्र समयसापेक्ष र नवीन दृष्टिकोणको रूपमा देखा परेको छ। यसले अनुसन्धानकर्ता, नीति निर्माता, विकास अभियानता र समुदायहरूलाई सुखद र सुन्दर भविष्यको कल्पना र अभ्यास गर्न प्रोत्साहित गर्छ। जहाँ आर्थिक उन्नति, सामाजिक सुरक्षा तथा सुरक्षा जालीहरू साझा समृद्धिको जगमा विकसित हुन्छन्। समुदायहरूले नेतृत्व गर्दा यो दृष्टिकोणले समाजकल्याण र दिगो आर्थिक विकासको सम्भावनामा आशावादी दृष्टिकोण प्रदान गर्छ। अपूबाट

# राष्ट्रिय सभामा १८ जना निर्वाचित

काठमाडौं । आइतबार देशका सातै प्रदेशमा सम्पन्न भएको राष्ट्रिय सभा सदस्य निर्वाचनमा नेपाली कांग्रेस, नेकपा (एमाले) जसपा गठनबन्धनका १८ उम्मेदवार विजयी बनेका छन् । ६ प्रदेशमा एमाले र कांग्रेसले गठबन्धन गर्दा मधेशमा जसपा समेटिएको छ ।

निर्वाचन आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आइतबार सम्पन्न भएको राष्ट्रिय सभा सदस्य निर्वाचनमा ९५ दशमलव ६८ प्रतिशत मतदान भएको छ।

**कोशीमा पोर्तेल र मेचे निर्वाचित**

कोशी प्रदेशबाट राष्ट्रियसभा सदस्य निर्वाचनमा दलित र महिला समूहबाट नेपाली कांग्रेस र नेकपा (एमाले) गठबन्धनका उम्मेदवार निर्वाचित भएका छन् ।

दलित समूहअन्तर्गत एमालेका सोमनाथ पोर्तेल सात हजार ४२३ मतसहित निर्वाचित भए । पोर्तेलले प्रदेशसभातर्फ ६८ र स्थानीय तहतर्फ २०१ मत प्राप्त गरे । उनका निकटतम प्रतिस्पर्धी खेमराज सुन्दासले प्रदेशसभातर्फ १८ र स्थानीय तहतर्फ ५७ गरी कुल दुई हजार ३७ मत प्राप्त गरे।

यसैगरी,महिलातर्फ गठबन्धनकै रोशनी मेचे सात हजार १७३ मतसहित निर्वाचित भएकी छन् । उनकी निकटतम प्रतिद्वन्द्वी नेपाली कम्युनिस्ट पार्टीकी नेता नमिता न्यौपानेले दुई हजार २६८ मत प्राप्त गरिन् ।

कोशी प्रदेशसभा अन्तर्गत ८७ सांसदले मतदान गरेकोमा महिलातर्फ एमालेमा ६४ र नेकपामा २२ मत परेको थियो। स्थानीय तहतर्फ एमालेमा १९९ र नेकपामा ५८ मत प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ। थियो। निर्वाचन कार्यालयका अनुसार दुवैतर्फ एक मत बदर भएको छ।

यसैबीच अन्य समूहतर्फ नेपाली कांग्रेसका सुनिल थापा यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन् । राष्ट्रिय सभा सदस्य निर्वाचनमा दुई प्रमुख दल नेकपा (एमाले) र नेपाली कांग्रेसबिच गठबन्धन भएको थियो।

**मधेशमा कांग्रेस, एमाले र जसपा गठबन्धनका उम्मेदवार विजयी**

राष्ट्रिय सभा सदस्य निर्वाचनअन्तर्गत मधेश प्रदेशमा चार सिटका लागि आइतबार भएको मतदानको मतगणनाको परिणाम अनुसार नेपाली कांग्रेस, नेकपा (एमाले) र जसपा नेपालबिच भएको गठबन्धनका उम्मेदवार विजयी भएका छन् ।

खुलातर्फ लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष एवम् जसपा नेपालका संरक्षक महन्थ ठाकुर, महिलातर्फ नेकपा (एमाले) का रेखा झा, दलिततर्फ नेपाली कांग्रेसका धमेन्द्र पासवान र अपाङ्ग भएका व्यक्ति/अल्पसंख्यक समुहतर्फ नेपाली कांग्रेसका रंजित कर्ण विजयी भएका छन् ।

खुलातर्फ लोसपा नेपालका ठाकुर सात हजार ७२५ मतभारसहित विजयी भए । उनका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टीं (नेकपा) का लक्ष्मण पौडेलले एक हजार ८०५ मतभार प्राप्त गरेका छन् ।

त्यसैगरी, महिलातर्फ एमालेका झा सात हजार २२२ मतभार प्राप्त गरी विजयी भइन् । उनका निकटतम प्रतिस्पर्धी नेकपाका सम्मी अग्रवालले एक हजार ९४४ मतभार प्राप्त गरिन् । दलिततर्फ कांग्रेसका धर्मेन्द्र पासवान सात हजार ९०४ मतभार प्राप्त गरी विजयी भएका छन् । उनका निकटतम प्रतिस्पर्धी नेकपाका शम्भु पासवान हजारीले एक हजार ३७६ मतभार प्राप्त गरे । अपाङ्गता भएका व्यक्ति/अल्पसंख्यक समुहतर्फ कांग्रेसका कर्णले आठ हजार ९३ मतभार प्राप्त गरे । उनका निकटतम प्रतिस्पर्धी नेकपाका रामनन्दन प्रसादले एक हजार ३६१ मतभार प्राप्त गरे ।

मधेश प्रदेश सभाका एक सय प्रदेश सभा सदस्य र विभिन्न पालिकाका प्रमुख र उपप्रमुख गरी २६४ जना गरी जम्मा ३६४ जना मतदाता रहेकोमा एक जना प्रदेशसभा सदस्य र २२ जना विभिन्न पलिकाका प्रमुख, उपप्रमुख गरी जम्मा २३ जना मतदाता अनुपस्थित रहेको निर्वाचन कार्यालयले जनाएको छ ।




**बागमतीमा देवकोटा र द□ाल निर्वाचित**

राष्ट्रिय सभा निर्वाचन २०८२ अन्तर्गत बागमती प्रदेशबाट नेपाली कांग्रेस र नेकपा (एमाले) गठबन्धनका उम्मेदवार विजयी भएका छन्। हेटौंडामा आइतबार भएको निर्वाचनमा महिलातर्फ कांग्रेसकी गीता देवकोटा र अन्य समूहबाट एमालेका प्रेमप्रसाद दंगाल निर्वाचित भएका हुन् ।

निर्वाचनमा दुई सदस्य पदका लागि नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का उम्मेदवारसहित छ जनाबीच प्रतिस्पर्धा भएको थियो। महिलातर्फ निर्वाचित देवकोटाले प्रदेश सभा र स्थानीय तहबाट गरी कुल छ हजार २३९ मतभारसहित निर्वाचित भएकी हुन् । अन्य समूहबाट निर्वाचित दंगालले प्रदेश सभा र स्थानीय तहबाट गरी मतभार छ हजार २०५ प्राप्त गर्दै निर्वाचित भएको प्रदेश निर्वाचन कार्यालय, बागमती प्रदेश, हेटौंडाका प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिए ।

महिलातर्फ नेकपाकी उम्मेदवार सरोजकुमारी झाले दुई हजार ५२२ मतभार प्राप्त गर्दा नेमकिपाकी कविता महर्जनले १९७ मतभार प्राप्त गरिन्। अन्य समूहमा नेकपाका प्रेमप्रसाद सापकोटाले दुई हजार ५४१ मतभार र नेमकिपाका विक्रम ढुकुछुले १९७ मतभार प्राप्त गरेका थिए ।

बागमती प्रदेश सभाका ८९ जना प्रदेश सभा सदस्य र स्थानीय तहका २२९ जना प्रमुख तथा उपप्रमुख गरी कुल ३१८ मतदाताले मतदानमा सहभागी भएका छन् । राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि बागमती प्रदेशका ११० सदस्यीय प्रदेशसभा र ११९ स्थानीय तहका अध्यक्ष र उपाध्यक्ष तथा नगरप्रमुख र उपप्रमुख २३८ गरी ३४८ जना रहेको निर्वाचन मण्डल रहेको छ। तर बागमती प्रदेश सभामा ११० जना प्रदेश सभा सदस्य रहेकोमा छ जना प्रदेश सभा सदस्यले राजीनामा दिएसँगै उक्त पद रिक्त रहेको छ।

**लुम्बिनीबाट झाँक्री, केसी र घिमिरे विजयी**

लुम्बिनी प्रदेशबाट नेपाली कांग्रेस र नेकपा (एमाले) का उम्मेदवार विजयी भएका छन् । महिलातर्फ एमालेकी रामकुमारी झाँक्री र अन्यतर्फ कांग्रेसका चन्द्रबहादुर केसी र अपाङ्ग/अल्पसंख्यक कोटामा बासुदेव घिमिरे विजयी भएका हुन् ।

महिलातर्फ एमालेकी झाँक्री ६ हजार ३०३ मतभारसहित विजयी भएकी हुन् । झाँक्रीकी प्रतिद्वन्द्वी नेकपाकी दुर्गाकुमारी भण्डारीले एक हजार ३६२ मत प्राप्त गरिन् । जनमोर्चाका पद्मा पण्डितले १५२ मत प्राप्त गरिन्।

अन्यतर्फ कांग्रेसका केसीले पाँच हजार ९७७ मतभारसहित विजयी भए भने उनका प्रतिद्वन्द्वी नेकपाका वृहस्पति अधिकारीले एक हजार ८३२ मतभार प्राप्त गरे। जनमोर्चाका बमबहादुर खत्रीले १३३ मतभार पाएका छन् । यसैगरी, अपाङ्ग/अल्पसंख्यकतर्फ काँग्रेसका बासुदेव घिमिरेले पाँच हजार ३२३ मतभार विजयी भए भने नेकपाका सर्जन विकले एक हजार ६०१ मतभार पाए ।

**गण्डकीमा देवकोटा र तिमिल्सिना विजयी**

गण्डकी प्रदेशबाट नेपाली कांग्रेसका उम्मेदवार जगत तिमिल्सिना र नेकपा (एमाले) की उम्मेदवार सम्झना देवकोटा निर्वाचित भएका छन्। नेपाली कांग्रेसका उम्मेदवार तिमिल्सिना पाँच हजार ३३ मतभारसहित विजयी बने ।उनका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का कपिल लामाले नौ सय ४१ मतभार पाए। राष्ट्रिय जनमोर्चाका उम्मेदवार शंकरप्रसाद बरालले ७६ मतभार ल्याए । तिमिल्सिनाले प्रदेशसभातर्फ ४८ र स्थानीय तहतर्फ एक सय ३१ मत प्राप्त गरेका थिए ।

राष्ट्रियसभा निर्वाचनमा नेकपा (एमाले) र नेपाली कांग्रेस गठबन्धनको संयुक्त उम्मेदवारी रहेको थियो। एमालेकी उम्मेदवार देवकोटा महिला समूहबाट विजयी बनेकी हुन् ।

देवकोटाले पाँच हजार १४ मत पाउँदा उनका प्रतिस्पर्धी गोमा लुइटेल घिमिरेले नौ सय ४१ मत पाइन्। राष्ट्रिय जनमोर्चाबाट सोही पदकी उम्मेदवार लक्ष्मी बास्कोटाले ७६ मत प्राप्त गरेकी छन् ।

देवकोटाले प्रदेश सभातर्फ ४८ मत र स्थानीय तहतर्फ एक सय ३० मत प्राप्त गरिन् । अन्य समूहमा दुई प्रदेशसभा सदस्य र एक पालिकाका प्रतिनिधि र महिलामा दुई जना प्रदेश सांसद र दुई स्थानीय तहका जनप्रतिनिधिको मत बदर भएको छ।

गण्डकी प्रदेशमा दुई सय २३ जना मतदानमा सहभागी भए। स्थानीय तहका प्रमुख/उपप्रमुख गरी एक सय ६६ जना र प्रदेशसभाका ५७ जनाले मत हालेको प्रदेश निर्वाचन कार्यालय गण्डकीले जनाएको छ।

**कर्णालीमा शाही र रखाल निर्वाचित**

## शिक्षक–कर्मचारीको लागि तोकियो निर्वाचन आचारसंहिता

काठमाडौं । यतिखेर देश प्रतिनिधिसभा निर्वाचन सरगर्मीले तातिएको छ। फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्न 'निर्वाचन आचारसंहिता, २०८२' जारी गरिएको छ। उक्त आचारसंहिता माघ ५ बाट लागू भइसकेको छ।

आचारसंहितामा विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकले पालना गर्नुपर्ने आचरण तोकिएको छ।

आचारसंहिताअनुसार विश्वविद्यालय तथा विद्यालयका शिक्षक,प्राध्यापक र कर्मचारीहरू कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न पाउने छैनन्।

कुनै योजनाको शिलान्यास गर्ने, उद्धाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता काममा सहभागी हुन पाउने छैनन्। कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन, कार्यक्रम वा सभा वा सम्मेलन गर्न वा प्रचारप्रसार गर्न नहुने पनि आचारसंहितामा उल्लेख छ।

वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका विषय बाहेक अन्य कार्यक्रम गर्न, नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने तर सरूवा रोगको महामारी वा कुनै प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थिति सिर्जना भएमा आयोगको अनुमति लिई नयाँ कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ।

नयाँ पद सृजना गर्ने, रिक्त पद पूर्ति गर्ने, भत्ता वृद्धि गर्ने लगायतका कुनै पनि आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्न नहुने पनि व्यवस्था गरिएको छ। तर आयोगलाई जानकारी गराई विश्वविद्यालय सेवा आयोग वा शिक्षक सेवा आयोगद्वारा नियमित रूपमा हुने पदपूर्ति सम्बन्धी कारबाही गर्न बाधा पर्ने छैन।

निर्वाचन आयोगले जारी गरेको आचारसंहितामा भनिएको छ,' निर्वाचनको काममा बाहेक कर्मचारी, प्राध्यापक तथा शिक्षकको सरूवा वा बढुवा वा पदस्थापन गर्न गराउन नहुने तर प्रचलित कानून बमोजिम नियमित रूपमा खुला प्रतियोगिता वा बढुवा प्रक्रियाबाट सिफारिस भएका कर्मचारीलाई आयोगको अनुमति लिई पदस्थापना गर्न बाधा पर्ने छैन।'

आयोगले तयार पारेको निर्वाचन शिक्षामूलक कार्यक्रम गर्न वा सो सम्बन्धी सामग्री टाँस्न बाहेक राजनीतिक प्रकृतिको कार्यक्रम गर्न वा उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रचारप्रसारका सामग्री राख, टाँस्न वा प्रचार प्रसार गर्न नहुने आचारसंहितामा उल्लेख छ।

यस्तै,सामाजिक सञ्जालमा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा प्रतिक्रिया दिन वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने, आयोगको अनुमति लिई मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने व्यवस्था गरिएको छ।

'तर विशेष परिस्थिति परी कुनै कर्मचारी, प्राध्यापक वा शिक्षकलाई विदेश भ्रमणमा खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित मन्त्रालयबाट अनुरोध भई आएको अवस्थामा आयोगले सहमति दिएमा त्यस्तो भ्रमण गर्न सकिनेछ', आचारसंहितामा उल्लेख छ।

शिक्षक,कर्मचारी,प्राध्यापकहरूले यो आचारसंहिता उल्लंघन गरेमा कारबाहीमा पर्नेछन्। निर्वाचन आयोगले आचारसंहिता उल्लंघन गर्ने शिक्षक कर्मचारी लगायत जोसुकैलाई तत्कालै कारबाही गर्ने जनाएको छ।

आचारसंहिताको दफा ४७ मा त जो सुकैले आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी दिन सक्ने पनि व्यवस्था छ। कसैले यो आचारसंहिता उल्लङ्घन गरेको पाइएमा उजुरी दिन चाहने व्यक्तिले मौखिक, लिखित,

❖ बाँकी अन्तिम पृष्ठमा

## चुनावको...

दुःख गरेर, बैंकको ऋण लिएर सानो १० धुर जग्गा किनी घर बनाएका हामी आम नागरिक आज "साँझ-बिहान के खाऊँ?" भन्ने अवस्थामा पुऱ्याइँदैछौं।

हामी सोध्न चाहन्छौं -यदि यही सरकारअन्तर्गतका स्थानीय तहहरू,अर्जुनधारा नगरपालिका कार्यालय तथा वडा नं. ११ र

र बिर्तामोड नगरपालिका कार्यालय तथा वडा नं. ५ ले नियमित रूपमा कर (तिरो) उठाइरहेका छन्, घर निर्माणको अनुमति दिइरहेका छन् भने

अर्कोतर्फ मालपोत कार्यालय भद्रपुर, झापाले धितोपास, रजिस्ट्रेशन, कित्ताकाट लगायत जग्गा र घरसम्बन्धी सम्पूर्ण सरकारी कामहरू ठप्प किन गरिरहेको छ ?एउटै देशभित्र, एउटै कानुनअन्तर्गत चल्ने सरकारका निकायहरूबाट दुई थरी फरक-फरक निर्णय र व्यवहार किन?

यो के प्रकारको शासन प्रणाली हो?यो के रमिता र नौटंकी हो?

हामी कानूनको सम्मान गर्छौं, तर कानूनको नाममा नागरिकलाई मानसिक, आर्थिक र सामाजिक यातना दिने अधिकार कसैलाई छैन।हामी अन्याय सहेर बस्ने होइनौं यसको स्पष्ट जवाफ र न्यायपूर्ण समाधान चाहन्छौं। यसले संविधानको धारा २० (न्यायसम्बन्धी हक) र धारा २५ (सम्पत्तिसम्बन्धी हक) को प्रत्यक्ष उल्लङ्घन गरेको छ र कानुनको शासनमाथि गम्भीर प्रश्न उठाएको छ। हामी स्पष्ट रूपमा भन्न चाहन्छौं -

यो समस्या न त कानुनको अस्पष्टताका कारण हो, न त न्यायिक अन्योलका कारण। यो समस्या केवल फैसलाको कार्यान्वयन नगर्ने प्रशासनिक गद्दारी र गैरजिम्मेवारी व्यवहारका कारण सिर्जना भएको हो। राज्यका अंगहरू स्वयंले सर्वोच्च अदालतको निर्णय पालना नगर्ने हो भने नागरिकले न्याय कहाँ खोज्ने ?

हामी बिर्तामोड बसपार्क ५१ बिघा क्षेत्रका बासिन्दाहरू सम्बन्धित सबै राजनैतिक दल र तिनका नेतृत्वसमक्ष गम्भीर आग्रह गर्दछौं–सर्वोच्च अदालतको २०६५ सालको पूर्ण इजलास तथा २०८० सालको संवैधानिक इजलासको फैसलाको मर्मअनुसार तत्काल स्पष्ट कार्यान्वयन निर्देशन जारी गरियोस्, कानुनी अस्पष्टता हटाइयोस् र नागरिकको मौलिक हक प्रयोगमा कुनै अवरोध नरहने व्यवस्था गरियोस्। साथै, फैसलाको कार्यान्वयनमा ढिलासुस्ती र बदनियत देखाउने जिम्मेवार कर्मचारी तथा पदाधिकारीमाथि कानुनबमोजिम कारबाही गरियोस्। अब पनि यो विषयलाई बेवास्ता गरिए नागरिकहरू संविधानप्रदत्त शान्तिपूर्ण र वैधानिक दबाबका कार्यक्रममार्फत आफ्नो अधिकारको रक्षा गर्न बाध्य हुने स्पष्ट जानकारी गराउँदछौं। यसको सम्पूर्ण जिम्मेवारी राज्य संयन्त्र र सम्बन्धित निकायहरूले लिनुपर्नेछ।

न्यायिक फैसला कागजमा मात्र होइन, व्यवहारमा लागू हुनुपर्छ यही लोकतन्त्र र संविधानको न्यूनतम मर्म हो । गिरीबन्धु टि-स्टेट प्रकरणमा वि.सं. २०८० माघ २४ गते सर्वोच्च अदालतको संवैधानिक इजलासबाट सुनाइएको ४६ पृष्ठ लामो फैसलापछि बिर्तामोड नयाँबस्ती तथा बसपार्क क्षेत्रका नागरिकहरू गम्भीर मानसिक त्रासमा परेका छन्। उक्त फैसलाले केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारले गिरीबन्धु टि-स्टेटको जग्गा सट्टापट्टा गर्न दिएको निर्णय बदर गरेसँगै, त्यसको असर गलत रूपमा बिर्तामोडको ५१ बिघा बसोबास भइसकेको जग्गामाथि पर्न खोज्नु अत्यन्त अन्यायपूर्ण र कानूनविपरीत हो भन्ने हाम्रो ठोस धारणा छ।

सर्वोच्च अदालतले वि.सं. २०६५ सालको पूर्ण इजलासको फैसलामै स्पष्ट रूपमा उल्लेख गरेको थियो कि चिया उद्योगको जग्गा सट्टापट्टा गर्नेबारे स्पष्ट कानून नभएकाले तत्कालीन अवस्थामा उक्त ५१ बिघा जग्गा तेस्रो पक्षमा हस्तान्तरण भइसकेको र त्यहाँका नागरिकको हक स्थापित भइसकेको अवस्थामा त्यसलाई उल्ट्याउन नमिल्ने ठहर गरेको थियो। साथै, सुदर्शन गिरीले पुरानो चिया बगानको सट्टा अर्को स्थानमा चिया उत्पादन दोब्बर गर्ने गरी उद्योग सञ्चालन गरेको तथ्यलाई समेत आधार मानी, सो प्रकरणमा अपवादस्वरूप छुट दिइएको र आगामी दिनमा स्पष्ट कानून बनाएर मात्र चिया उद्योगको जग्गा सट्टापट्टा गर्नुपर्ने निर्देशन दिएको थियो।

यही सर्वोच्च अदालतको २०६५ सालको फैसलाको मर्म र आशयमा टेकेर बिर्तामोड बसपार्क क्षेत्रको ५१ बिघा जग्गामा बस्ती विकास भएको हो। नागरिकहरूले अदालतको अन्तिम फैसला भएपछि नै जग्गा खरिद गरेका हुन्, घर निर्माण गरेका हुन् र राज्यलाई कर तिरेर बसोबास गरेका हुन्। अदालतकै निर्णयमा भरोसा गरेर बसेका नागरिकलाई आज आएर अनिश्चिततामा धकेल्नु न्यायको सिद्धान्तविपरीत हो।

यसैबीच वि.सं. २०७६ सालमा केपी ओली नेतृत्वको सरकारले सर्वोच्च अदालतको २०६५ सालको फैसलालाई आधार मानी भूमि ऐन तथा नियमावली संशोधन गरेर गिरीबन्धु टि-स्टेटको थप जग्गा बेच्न दिने निर्णय गऱ्यो। तर, वि.सं. २०८० सालमा सर्वोच्च अदालतको संवैधानिक इजलासले उक्त संशोधन र निर्णयलाई बदर गरिदियो। संवैधानिक इजलासको फैसलाको सार स्पष्ट छ–सरकारले कानून बनाएर व्यक्तिविशेषलाई फाइदा पुग्ने गरी चिया उद्योगको जग्गा सट्टापट्टा वा बिक्री गर्न पाउँदैन। तर, यस फैसलाले पनि वि.सं. २०६५ सालमै तेस्रो पक्षमा गइसकेको र नागरिकको हक स्थापित भइसकेको ५१ बिघा बसपार्क क्षेत्रको जग्गा जफत गर्नू वा रोक्नू भन्ने कतै पनि भनेको छैन।

यसरी हेर्दा, संवैधानिक इजलासको फैसला गिरीबन्धु टि-स्टेटको भविष्यका लागि नीति र कानून निर्माणसँग सम्बन्धित विषय हो, न कि विगतमा सर्वोच्च अदालतकै फैसलाका आधारमा वैधानिक रूपमा विकसित भइसकेको नयाँबस्तीका नागरिकको सम्पत्ति खोस्ने विषय। तर, यही फैसलालाई गलत रूपमा व्याख्या गर्दै प्रशासनिक निकायहरूले ५१ बिघा बसपार्क क्षेत्रका नागरिकलाई अनावश्यक त्रासमा राख्नु, नामसारी, धितो, किनबेच र विकास निर्माण रोक्नु गम्भीर गैरजिम्मेवारी र कानुनी अराजकताको उदाहरण हो।हामी पुनः स्पष्ट रूपमा आग्रह गर्दछौं–

सर्वोच्च अदालतको २०६५ सालको पूर्ण इजलास र २०८० सालको संवैधानिक इजलास दुवै फैसलाको समग्र मर्म बुझी, बिर्तामोड बसपार्क ५१ बिघा क्षेत्रका नागरिकको स्थापित हकमाथि कुनै पनि प्रकारको अवरोध तत्काल हटाइयोस्। अदालतको फैसला नागरिकलाई त्रसित बनाउन होइन, न्याय सुनिश्चित गर्नका लागि हो भन्ने कुरा राज्यका सबै अंगले आत्मसात् गरुन्। बिर्तामोड बसपार्क ५१ बिघा क्षेत्रका पीडित नागरिकहरू

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ। स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आकस्मिक धन लाभ हुनेछ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ। तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला। कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ